फोन. ०८१-५३६३३८, ५३२३३३९, ५३२२४०
टोलफी नं. १६६० ८१ ५२०५२
वेभसाइट : www.nepalgunjmun.gov.np
इमेल : nepalgunjmun@gmail.com

# नेपालगञ्ज उप–महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### नेपालगञ्ज बाँके, लुम्बिनी प्रदेश, नेपाल ।

**सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण कार्यक्रम सञ्चालनका लागि गैरसरकारी संस्था/कम्पनी/परामर्शदाता संस्थाहरुलाई प्रस्ताव पेश गर्ने वारे अत्यन्त जरुरी सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०८१।०६।२२)**

नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व. २०८१/०८२ का लागि स्वीकृत सार्वजनिक सुनुवाई कार्यक्रम र उप-महानगरपालिकाको सामाजिक परिक्षण सम्बन्धी कार्य, उक्त क्षेत्रमा आवद्ध भई काम गरिरहेका ख्यातीप्राप्त, अनुभवी एवं विशेषज्ञता हासिल गरिसकेका गैर सरकारी संस्था/कम्पनी/परामर्शदाता संस्थाहरुबाट गुणस्तर, लागत र साझेदारी विधिका माध्यमबाट सेवा खरिद गरि सञ्चालन गर्नुपर्ने भएकोले तोकिएको कार्यक्षेत्रगत शर्त (ToR) बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव अलग-अलग खाममा खामबन्दी गरि दुवै खामलाई पुनः अर्को एक खाममा राखि उक्त खाम शिलबन्दी गरि शिलबन्दी खाम सहितको पूर्ण प्रस्ताव, सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस कार्यालयमा पेश गर्नहुन सूचित गरिन्छ ।

**तपसिल**

| सि.नं. | कार्यक्रमको नाम | उपमहानगरपालिकाको बजेट | संस्थाको सहभागिता | कूल कार्यक्रम बजेट |
|---|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई कार्यक्रम | १,५०,०००।- | ३०,०००।- (विस प्रतिशत) | १,८०,०००।- |
| २ | सामाजिक परीक्षाण | १,००,०००।- | २०,०००।- (विस प्रतिशत) | १,२०,०००।- |

**प्राविधिक तथा आर्थिक प्रस्तावका साथ संलग्न गर्नुपर्ने देहाय बमोजिम कागजातहरुको प्रतिलिपि :**

(१) दर्ता तथा नविकरण भएको प्रमाणपत्र, (२) आन्तरिक राजस्व कार्यालयबाट जारी भएको पान नं. वा मू.अ.कर दर्ता प्रमाणपत्र, (३) उप-महानगरपालिकाको मौजूदा सूचीमा सूचिकृत भएको प्रमाणपत्र, (४) आ.व.२०७९।०८० सम्मको लेखा परिक्षण प्रतिवेदन, (५) आ.व.२०७९।०८० को कर चुक्ता प्रमाणपत्र, (६) आफ्नै कार्यालय भएको वा वहालमा लिएको भए सो सम्बन्धि प्रमाणपत्र, (७) चालू आ.व. २०८१।०८२ को उप-महानगरपालिकालाई बुझाउनुपर्ने सवै प्रकारका कर चुक्ता गरेको, (८) संस्था कालो सूचीमा नपरेको व्यहोरा प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनीधिले स्वघोषणा गरि पत्र संलग्न गरेको, (९) प्रस्ताव तयार गर्दा कार्यक्षेत्रगत शर्त (ToR) का आधारमा तयार गरेको, (१०) संस्थाको विधानमा भएको उद्धेश्य र प्रस्तावित कार्यक्रम विच तालमेल भएको, (११) कर कट्टी लगायत अन्य विषयहरु सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम हुनेछ, (१२) प्रस्तावको प्रत्येक पानामा प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनीधिको दस्तखत र छाप लागेको हुनुपर्नेछ, (१३) प्रस्तावदाताहरुले उप-महानगरपालिका कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०८१ कार्तिक ६ गते कार्यालय समय भित्र, उक्त दिन विदा भएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ, (१४) दर्ता भएका सवै प्रस्तावहरु प्रस्ताव बुझाउने अन्तिम दिनको भोलिपल्ट कार्यालयका प्रतिनीधि तथा प्रस्तावदाता प्रतिनीधिहरुको रोहवरमा खोलिनेछ र प्रस्तावदाता अनुपस्थित भएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन, (१७) प्रकाशित सूचना तथा कार्यक्षेत्रगत शर्त (ToR) यस कार्यालयको सूचना पाटी तथा website: www.nepalgunjmun.gov.np मा पनि हेर्न र डाउनलोड गर्न सकिनेछ । थप जानकारीका लागि : नेपालगञ्ज उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, फोन नं. ०८१-५३६३३८/५३२२४० वा सामाजिक, गै.स.सं. तथा साझेदारी विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**नेपालगञ्ज उप-महानगरपालिका**